प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
स्तर निर्धारण तथा सम्बन्धन महाशाखा
सानोठिमी, भक्तपुरको

श्री पब्लिक कलेज अफ टेक्निकल एजुकेशन, बुटवल-०८, रुपन्देहीको **नाम तथा ठेगाना परिवर्तन संम्बन्धमा** ३५ दिने हकदावी उजुरी सम्बन्धी अत्यन्त जरुरी सूचना ।

प्रकाशित मिति २०८३/०१/२१

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट छोटो अवधिक तालिम क्रमश: Building Electrician-390hrs, Industrial Electrician -390hrs, Electrical Appliances Repairer-460hrs, Electric Motor Rewinder-390hrs, Assistant Welder-480hrs र Mobile Phone Repairer-390hrs सम्बन्धन/स्वीकृति प्राप्त संस्था श्री पब्लिक कलेज अफ टेक्निकल एजुकेशन प्रा.लि., बुटवल-०८, रुपन्देही**ले** संस्थाको नाम परिवर्तन गरी श्री पब्लिक टेक्निकल कलेज र ठाउँ परिवर्तन (ठाउँसारी) गरी बुटवल उप-म. न. पा-०४, रुपन्देही कायम गराई पाउँ भनी पेश गरेको निवेदन उपर कारवाही हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८२/०३/१७ गते बसेको २०९ औ बैठकको निर्णय नम्बर ११७१ बमोजिम गठित कार्यटोली बैठकको मिति २०८२/१२/३० गतेको निर्णयानुसार नाम तथा ठेगाना (ठाउँसारी) परिवर्तन प्रकृया अगाडि बढाउने निर्णय भएकोले उल्लेखित संस्था र सम्बन्धन/स्वीकृत उल्लेखित छोटो अवधिका तालीम प्रति कोहि कसैको हकदाबी बिरोध गुनासो आदि भए यो सूचना प्रकशित भएको मितिले ३५ दिन भित्रमा स-प्रमाण सहित लिखित जानकारी गराउनुहुन अनुरोध छ। उल्लेखित समयसिमा भित्र कसैको उजुरी नपरेमा नाम तथा ठेगाना परिवर्तन (ठाउँसारी) प्रकृया अगाडि बढ्ने र म्याद नाघी आएका दावी विरोध उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सम्पर्कका लागि**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी भक्तपुर । फोन नं. ०१-६६३०४०८
**इमेल: ctevtaccreditation061@gmail.com**